आ०व०:२०८१/०८२
बैठक संख्या :- १३ (तेह्र)

आज मिति २०८२ साल बैशाख महिनाको १८ गते बिहान ७:०० बजे केदारस्यूँ गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर बोहराज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा निम्न निर्णय गरियो।

उपस्थिति :-

| | | |
|---|---|---|
| १. | श्री गणेश बहादुर बोहरा | - गाउँपालिका अध्यक्ष |
| २. | श्री मनिषा धामी | - गाउँपालिका उपाध्यक्ष |
| ३. | श्री विर बहादुर भण्डारी | - वडा अध्यक्ष वडा नं. १ |
| ४. | श्री धीर बहादुर विष्ट | - " " " २ |
| ५. | श्री विर बहादुर खाती | - " " " ३ |
| ६. | श्री कुन्धान महत | - " " " ४ |
| ७. | श्री मोहन ठगुन्ना | - " " " ५ |
| ८. | श्री जय बहादुर धामी | - " " " ६ |
| ९. | श्री चन्द्र बहादुर धामी | - " " " ७ |
| १०. | श्री सुरेश बहादुर जेठारा | - " " " ८ |
| ११. | श्री नन्दलाल बोहरा | - " " " ९ |
| १२. | श्री तारिखर वि.क. | - कार्यपालिका सदस्य/प्रवक्ता |
| १३. | श्री जुन देवी ओखेडा | - कार्यपालिका सदस्य |
| १४. | श्री निर्मला कुमारी वि.क. | - " " |
| १५. | श्री चन्द्रकला देवी दमाई | - " " |
| १६. | श्री रम्भु देवी बोहरा | - " " |
| १७. | श्री कमला थापा | - " " |
| १८. | श्री डा० रोहित कुमार गिरी | - " सदस्य सचिव |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| १९. | श्री केशव राज भट्ट | - शिक्षा अधिकृत |
| २०. | श्री धनराज जोशी | - नायब सुब्बा |
| २१. | श्री ई. लेखराज रावल | - सूचना प्रविधि अधिकृत |
| २२. | श्री कालु राम चौधरी | - लेखापाल |

निर्णय नं. १

कार्यपालिकाको मिति २०८१/१२/१४ गते बसेको बैठकले गरेका निर्णयहरु कार्यान्वयनको विषयमा आवश्यक समीक्षा गरियो। कार्यान्वयनमा आउन नसकिएका विषय तथा निर्णयहरु कार्यान्वयन गर्ने निर्देशन, पत्राचार, समन्वय गर्ने निर्णय गरियो।

निर्णय नं. २

यस स्थानीय तह अन्तरगतका विभिन्न योजना, आयोजना र कार्यक्रम सम्पन्न भई सकेका, अनुगमन समितिले अनुगमन गरी पेश गरेका प्रतिवेदनका आधारमा योजनाको भुक्तानी गर्ने र अनुगमन कार्यलाई तीव्रता दिने निर्णय गरियो।

निर्णय नं. ३

पाठेघर खसेका तपसिल बमोजिमका ६ जना महिलाहरुलाई उपचारका लागि

रोहित कुमार गिरी
अधिकृत

CamScanner

नेपालगञ्ज मेडिकल कलेजमा पठाउने र उपचार गर्न जादा लागेको आतेजाते खाना र बास बस्न लाग्ने खर्च जनही रु. ६ हजारको दरले वदीमा रु.३६,०००।- (छत्तीस हजार) रकम उपलब्ध गराउने र सो खर्च रकम विविध खर्च शिर्षक बाट प्रदान गर्ने निर्णय गरियो।

तपसिल:-

१. निर्मला रावल - वडा नं. २
२. हरिना बोहरा - वडा नं. १
३. कलसी भण्डारी - वडा नं. २
४. धौली रावल - वडा नं. २
५. चन्द्रकला भण्डारी - वडा नं. १
६. प्रिमा भण्डारी - वडा नं. १

<u>निर्णय नं. ४</u>

यस कार्यालयका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री रोहित कुमार गिरी (संकेत नं. २२२५१८) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार काठमाडौंको च.नं. २८३१ मिति २०८२।१।५ गतेको प्राप्त कामकाज सम्बन्धी पत्र बमोजिम यस कार्यालयको च.नं. ११२६ मिति २०८२।०१।१५ गतेको पत्र अनुसार रमाना भई दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय काठमाण्डौं सरुवा भई जानु भएकोले यस कार्यालय वा अन्तरगत कार्यरत कर्मचारीहरु मध्ये सबैभन्दा वरिष्ठतम स्थायी कर्मचारी केशव राज भट्ट (संकेत नं. २३६५०६, शिक्षा अधिकृत, छैठौं) लाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गरि दिन हुनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौंमा लेखि पठाउने निर्णय गरियो।

(हस्ताक्षर)

डा. रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत